# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०१।३१ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

जिल्ला पर्सा (साविक जिल्ला बारा), नकटुवा गा.वि.स.वडा नं.२ कि.न. ५६ को ज.वि. ०-१०-० साथै ऐ. नगवा गा.वि.स. वडा नं. ५ कि.नं. ११२ को ज.वि. ०-९-१० र कि.नं.२१३ को ज.वि. ०-५-५ जग्गामा भूमिसुधार कार्यालय, पर्साले मोहियानी हकको नक्कली लगत खडा गरी मोही बाँडफाँड निर्णय गरेको समेतका विषयमा आवश्यक कारवाही गरिपाँउ भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन भूमिसुधार कार्यालय, पर्साका भूमिसुधार अधिकारी बमबहादुर वि.क र तामेलदार प्राणनाथ कसजुले जिल्ला पर्सा (साविक जिल्ला बारा), नगवा गा.वि.स.वडा नं. ५ को कि.न.११२ र ११३ जग्गाको मोहीको लगत सम्बन्धी ३ नं. अनुसूची साथै ऐ. नकटुवा गा.वि.स.वडा नं. २ कि.न. ५६ को जग्गाको मोहीको लगत सम्बन्धी १,२ र ३ नं. अनुसूची सच्याउने तथा थपघट गर्ने कार्य गरी निजहरू बम बहादुर वि.क र प्राणनाथ कसजुले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टि हुन आएको देखिंदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सजाय हुन साथै नक्कली मोही बनी बाँडफाँडको लागि निवेदन दिने नगेश्वर राउत कुर्मीले भूमिसुधार कार्यालय, पर्साका कर्मचारीहरूलाई प्रलोभनमा पारी मोहीका अभिलेखहरूमा थपघट तथा सच्याउने कार्यमा प्रपञ्च मिलाउने र आफूलाई गैरकानूनी तरिकाबाट बदनियतपूर्वक लाभ लिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टि हुन आएको देखिंदा निज नगेश्वर राउत कुर्मीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता